# लोक सेवा आयोग

## अप्राविधिक तर्फका नेपाल न्याय, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवा, राजपत्र अनंङ्कित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।०८।२४

समयः २ घण्टा ३० मिनेट | पूर्णाङ्कः- १००

पत्रः द्वितीय

विषयः कार्यालय व्यवस्थापन (Office Management)

निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

### Section – A

अंक-40

1. बैठक (Meeting) भनेको के हो ? बैठक गर्नुको उद्देश्यहरु स्पष्ट पार्नुहोस्। 1+4=5
2. फाइलिङ (Filing) गर्ने विभिन्न परम्परागत प्रणालीहरु उल्लेख गर्दै फाइलिङ गर्ने चरणहरु लेख्नुहोस्। 3+2=5
3. सहायक कर्मचारीले के कस्तो भूमिका निर्वाह गरेर कार्यालय सञ्चालनमा योगदान पुऱ्याउँछन् ? प्रष्ट पार्नुहोस्। 5
4. कार्यालय व्यवस्थापनमा परिपत्र (Circular) को आवश्यकता र महत्व के रहेको छ ? लेख्नुहोस्। 5
5. कार्यालयमा प्रभावकारी सञ्चारका अवरोधक तत्वहरु उल्लेख गर्नुहोस्। साथै, कार्यालय व्यवस्थापनमा प्रयोग गरिने सञ्चारका प्रमुख साधनहरुबारे वर्णन गर्नुहोस्। 4+6=10
6. गुनासो व्यवस्थापन भन्नाले के बुझिन्छ ? कार्यालयमा आउने सेवाग्राहीको गुनासो कसरी प्रभावकारी रुपमा व्यवस्थापन गर्न सकिन्छ? उल्लेख गर्नुहोस्। 3+7=10

### Section – B

अंक-30

7. राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कर्तव्य पूरा गर्न के कस्ता काम गर्नु पर्दछ ? लेख्नुहोस्। 5
8. नागरिक सचेतना भनेको के हो ? नेपालको संविधानमा उल्लेख गरिएका नागरिकका कर्तव्यहरु लेख्नुहोस्। 2+3=5
9. नेपालको संविधान बमोजिम लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस्। 10
10. नेपालको संविधानमा अर्थ, उद्योग र वाणिज्य नीति सम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ? लेख्नुहोस्। 10

### Section – C

अंक-30

11. 12 जना कामदारहरुले कुनै काम 30 दिनमा पूरा गर्न सक्दछन् भने सोही काम 24 दिनमा पूरा गर्न कतिजना कामदार थप्नुपर्ला ? 5
12. एउटा परीक्षामा $33\frac{1}{3}\%$ विद्यार्थीहरु उत्तीर्ण भए। यदि 240 जना विद्यार्थीहरु अनुत्तीर्ण भए भने जम्मा विद्यार्थीहरुको संख्या पत्ता लगाउनुहोस्। 5
13. रामले 3000 वटा कापी किनेछन्। जसमध्ये 600 वटा कापी गरिब विद्यार्थीलाई निःशुल्क वितरण गरेछन्। बाँकी कापीहरु प्रति गोटा रु.63 का दरले बिक्री गर्दा 5% नाफा हुन्छ भने एउटा कापीको क्रयमूल्य कति होला ? पत्ता लगाउनुहोस्। 5
14. प्रतिवर्ष 10% ब्याजदरले 2 वर्षमा कुनै रकमको मिश्रित ब्याज (Compound Interest) साधारण ब्याज (Simple Interest) भन्दा रु.360 बढी हुन आउँछ भने मूलधन (P) पत्ता लगाउनुहोस्। 5
15. कुल 100 जना विद्यार्थीको प्राप्ताङ्कको मध्यिका (Md) 32 छ भने तलको तालिका बमोजिम x र y को मान पत्ता लगाउनुहोस्। 5

| Marks Obtained | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 | 50-60 |
|---|---|---|---|---|---|---|
| Number of Students | 10 | x | 25 | 30 | y | 10 |

16. नेपाल टेलिकमको नियमानुसार 100 कलसम्मको रु. 250 र थप प्रतिकलको रु. 1.5 का दरले महशुल तिर्नुपर्दछ भने 340 कलको कति महशुल बुझाउनुपर्ला ? जसमा सेवा शुल्क 10% र VAT 13% लाग्दछ। 5

<<< समाप्त >>>

# लोक सेवा आयोग

अप्राविधिक तर्फका नेपाल न्याय, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवा, राजपत्र अनंङ्कित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति:- २०८०।०८।२५

समय: २ घण्टा ३० मिनेट पूर्णाङ्क:- १००

पत्र: तृतीय

विषय: कार्य ज्ञान सम्बन्धी (Job Knowledge Related Subject)

निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

## Section – A अंक-35

1. रिसवत भनेको के हो ? भ्रष्टाचार निवारण ऐनले यसलाई कसरी परिभाषित गरेको छ ? उल्लेख गर्नुहोस्। 5
2. विद्युतीय शासन प्रणाली (E-Governance System) को अवधारणा प्रष्ट पार्दै यसका सबल पक्षहरु उल्लेख गर्नुहोस्। 5
3. संगठनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सेवा प्रवाहमा कसरी सकारात्मक प्रभाव पार्न सक्दछ ? उदाहरणसहित स्पष्ट गर्नुहोस्। 5
4. निजामती सेवा ऐन, 2049 र नियमावली, 2050 बमोजिम निजामती कर्मचारीलाई के कस्ता प्रकारका विभागीय सजाय हुने व्यवस्था छ ? कुन कुन अवस्थामा निजामती कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आधार तोकिएको छ ? प्रकाश पार्नुहोस्। 4+3+3=10
5. सार्वजनिक सेवा प्रवाह (Public Service Delivery) भनेको के हो ? नेपालको सन्दर्भमा चुस्त दुरुस्त सेवा प्रवाहका लागि के कस्ता उपायहरु अवलम्बन गर्न उपयुक्त हुन्छ ? वर्णन गर्नुहोस्। 3+7=10

## Section – B अंक-35

6. नेपालमा सरकारी बजेट तर्जुमा कसरी गरिन्छ ? स्पष्ट पार्नुहोस्। 5
7. आन्तरिक लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरु लेख्नुहोस्। 5
8. खाता सूची (Chart of Accounts) भनेको के हो ? यसमा कुन कुन वर्गीकरण समावेश हुन्छ ? लेख्नुहोस्। 5
9. सार्वजनिक खरीद व्यवस्थापनका उद्देश्यहरु उल्लेख गर्नुहोस्। साथै, के कस्तो अवस्थामा वस्तु तथा सेवा सोझै खरिद गर्न सकिन्छ ? यस प्रकारको खरिद प्रक्रियाबारे प्रष्ट पार्नुहोस्। 4+3+3=10
10. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 बमोजिम वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता सम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ? उल्लेख गर्नुहोस्। 10

## Section – C अंक-30

11. मुलुकी देवानी कार्यविधि संहिता, 2074 ले के कस्ता प्रकारका मुद्दाहरुलाई "देवानी मुद्दा" का रुपमा परिभाषित गरेको छ ? उल्लेख गर्नुहोस्। 5
12. सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रका बारेमा संक्षेपमा प्रकाश पार्नुहोस्। 5
13. म्याद र तारीखबीच फरक छुट्याउँदै गुज्रेको म्याद के कसरी कति अवधिसम्म थमाउन सकिन्छ ? प्रचलित कानूनी व्यवस्थाबारे लेख्नुहोस्। 10
14. कानूनको शासन (Rule of Law) भन्नाले के बुझिन्छ ? यसका आधार वा सिद्धान्तहरु उल्लेख गर्दै सार्वजनिक प्रशासनमा कानूनको शासनको किन महत्त्व रहेको हुन्छ ? प्रष्ट गर्नुहोस्। 2+3+5=10

<<<< समाप्त >>>>

# लोक सेवा आयोग

अप्राविधिक तर्फका न्याय, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी; खरिदार वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति : २०७९/०९/२७

पूर्णाङ्क :– १००

समयः– २ घण्टा ३० मिनेट

पत्र :- द्वितीय

विषय :- कार्यालय व्यवस्थापन (Office Management)

**प्रत्येक खण्डका प्रश्नहरूको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

## खण्ड - (A) 40 अङ्क

1. "व्यवस्थित सञ्चारले कार्य सम्पादनलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।" पुष्टि गर्नुहोस् । 5
2. कार्यालय कार्यविधिमा तोक आदेशको महत्व उल्लेख गर्दै तोक आदेश गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । 5
3. प्रतिवेदन लेखन (Report Writing) का अवयवहरू (Components) उल्लेख गर्नुहोस् । 5
4. बैठक व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरू के-के हुन्? लेख्नुहोस् । 5
5. कुनै कार्यालयको प्रशासन शाखाका खरिदारलाई ३ महिनाको लागि योजना शाखामा खटाउने व्यहोरा सहितको पूर्ण टिप्पणीको ढाँचा प्रस्तुत गर्नुहोस् । 10
6. फाइलिङ्का प्रकारहरू उल्लेख गर्दै कार्यालय कार्यविधिमा फाइलिङ्को महत्वबारे प्रकाश पार्नुहोस् । 6+4=10

## खण्ड - (B) 30 अङ्क

7. सार्वजनिक सेवा प्रवाहमा नागरिकको कर्तव्य र दायित्व के-के हुन सक्छन्? लेख्नुहोस् । 5
8. नेपालको संविधान बमोजिम राज्यको आर्थिक उद्देश्य उल्लेख गर्नुहोस् । 5
9. निर्वाचन आयोगको परिचय दिँदै निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारबारे उल्लेख गर्नुहोस् । 4+6=10
10. कर्मचारी प्रशासन सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कामहरू संक्षिप्तमा उल्लेख गर्दै आफूलाई पायक पर्ने कार्यालयमा सरूवाको लागि रामकृष्ण ताम्राकारको नामबाट उक्त मन्त्रालयमा पेश गर्ने निवेदनको ढाँचा तयार पार्नुहोस् । 5+5=10

## खण्ड - (C) 30 अङ्क

11. कुनै एउटा काम गर्न रामलाई १६ दिन र हरिलाई २४ दिन लाग्छ । रामले ४ दिन र हरिले ६ दिनसम्म एक्लाएक्लै गरेर छोडेको उक्त काम दुवै जना मिलेर पूरा गर्न कति दिन लाग्ला? 5
12. एउटा भिन्न (Fraction) मा हर (Denominator) अंश (Numerator) भन्दा ५ ले बढी छ । यदि सो भिन्नको अंशमा ८ जोड्दा र हरमा १ घटाउँदा नयाँ भिन्न (New Fraction) $\frac{15}{11}$ हुन जान्छ भने वास्तविक भिन्न (Original Fraction) कति हुन्छ? पत्ता लगाउनुहोस् । 5
13. अस्मिताले १०० वटा अण्डा रू. ९०० मा किनिन् जसमध्ये ८ वटा अण्डा फुटेका रहेछन् । बाँकी अण्डालाई उनले प्रति गोटा रू. १०.५० मा बेच्दा कति प्रतिशत नाफा वा नोक्सान हुन्छ? 5
14. लक्ष्मीले रू. १२,६०० सावाँको रूपमा २ वर्षका लागि १० प्रतिशत ब्याजदरमा बैंकमा जम्मा गर्छिन् भने उनले प्राप्त गर्ने चक्रवृद्धि ब्याज (Compound Interest) कति हुन्छ? पत्ता लगाउनुहोस् । 5
15. हेमन्तलाई 3500 अमेरिकी डलर सटही गर्नुछ । बैंकले उक्त मुद्रा सटहीमा 2 प्रतिशत कमिशन लिने गर्दछ भने उक्त अमेरिकी डलर बराबर सटही गर्न नेपाली रूपैयाँ कति आवश्यक पर्ला? (नोटः 1 अमेरिकी डलर बराबर ने. रू. 130 सटही दर रहेको छ) । 5
16. 20 m × 14 m को आयातकार बगैंचाको दुवै छेउको बीचबाट 2 m फराकिला दुईवटा बाटोहरू एक अर्कोलाई काटिएका छन् भने बाटोबाहेक बगैंचाको क्षेत्रफल कति हुन्छ? 5

Govinda Giri

# लोक सेवा आयोग

अप्राविधिक तर्फका न्याय, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०७९/०१/२८

समय:- २ घण्टा ३० मिनेट | पूर्णाङ्क :- १००

पत्र :- तृतीय

विषय :- कार्य ज्ञान सम्बन्धि (Job knowledge related)

*प्रत्येक खण्डका प्रश्नहरूको उत्तर बेग्ला बेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।*

## खण्ड - (A) — 35 अङ्क

1. सामाजिक सञ्जाल प्रयोग गर्दा के-कस्ता सावधानीहरू अपनाउनु पर्दछ? लेख्नुहोस् । 5
2. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्रशासनिक कार्य सञ्चालनका आधारहरू के-के हुन् ? उल्लेख गर्नुहोस् । 5
3. व्यक्तिगत घटना दर्ता (Vital Registration) भनेको के हो? यो किन आवश्यक हुन्छ? प्रष्ट पार्नुहोस् । 5
4. निजामती कर्मचारीलाई हुने विभागीय सजायबारे उल्लेख गर्दै विद्यमान निजामती सेवा ऐन बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने अवस्थाहरू लेख्नुहोस् । 5+5=10
5. नेपालमा भ्रष्टाचार बढ्नुका कारणहरू पहिल्याउँदै यसको नियन्त्रण गर्ने उपायहरू बताउनुहोस् । 5+5=10

## खण्ड - (B) — 35 अङ्क

6. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) को परिचय दिँदै यसको महत्व बारे प्रकाश पार्नुहोस् । 5
7. कम्प्यूटराईज्ड सरकारी लेखा प्रणाली (CGAS) को परिचय दिँदै सरकारी आर्थिक कारोवारको लेखाङ्कन र प्रतिवेदनमा यसको महत्व उल्लेख गर्नुहोस् । 5
8. बैंक नगदी किताबको परिचय दिँदै यसको महत्व स्पष्ट पार्नुहोस् । 5
9. लेखापरीक्षणका उद्देश्यहरू उल्लेख गर्नुहोस् । नेपालमा सरकारी कार्यालयहरूको लेखापरीक्षण गर्दा महालेखा परीक्षकबाट कुन-कुन विषयको लेखापरीक्षण गरिन्छ? लेख्नुहोस् । 4+6=10
10. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ बमोजिम आन्तरिक लेखापरीक्षण सम्बन्धि के-कस्तो व्यवस्था छ? लेख्नुहोस् । 10

## खण्ड - (C) — 30 अङ्क

11. नेपाल राजपत्रको परिचय दिँदै नेपाल राजपत्रमा कुन-कुन विषयवस्तु कुन-कुन भागमा प्रकाशित हुन्छ? लेख्नुहोस् । 5
12. हदम्याद भनेको के हो? यसको महत्वबारे उल्लेख गर्नुहोस् । 5
13. अदालतको क्षेत्राधिकार भन्नाले के बुझिन्छ? उल्लेख गर्दै उच्च अदालतको क्षेत्राधिकार स्पष्ट पार्नुहोस् । 5+5=10
14. नेपालमा मुलुकी अपराध संहिताको आवश्यकता किन परेको हो? यसका प्रमुख विशेषताहरू बारे जानकारी दिनुहोस् । 4+6=10

Govinda Giri

● समाप्त ●

# लोक सेवा आयोग

अप्राविधिक तर्फका न्याय, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।०८।२३

समयः– २ घण्टा ३० मिनेट | पूर्णाङ्क :– १००

पत्र :- द्वितीय

विषय :- कार्यालय व्यवस्थापन ।

**प्रत्येक खण्डका प्रश्नहरूको उत्तर बेग्ला बेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

## खण्ड - (A) — 40 अङ्क

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

1. कार्यालयको परिचय दिँदै कार्यालयका सञ्चार माध्यमहरूको प्रभावकारीता अभिवृद्धि गर्न ध्यान दिनुपर्ने कुराहरू के-के हुन्? लेख्नुहोस् । [2+3=5]
2. जनसम्पर्क गर्ने अधिकारीमा के कस्ता मुख्य-मुख्य गुणहरू हुन आवश्यक छ? उल्लेख गर्नुहोस् । [5]
3. सहायक कर्मचारीमा हुनुपर्ने गुणहरू के-के हुन्? उल्लेख गर्नुहोस् । [5]
4. निर्णय अभिलेख (Minuting) किन आवश्यक हुन्छ? माइन्यूट लेख्दा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गर्नुहोस् । [2+3=5]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

5. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सरुवा भई आएका २ जना नायव सुब्बाहरू क्रमशः राममनोहर साह र नरेश शर्मालाई मातहतका निकायमा पदस्थापन गर्न उठाइने पूर्ण तहको टिप्पणीको मस्यौदा प्रस्तुत गर्नुहोस् । [10]
6. अभिलेख व्यवस्थापन (Record management) भनेको के हो? अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको महत्व स्पष्ट पार्नुहोस् । [3+7=10]

## खण्ड - (B) — 30 अङ्क

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

7. नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हकहरूमध्ये महिलाको हक सम्बन्धी व्यवस्थाबारे जानकारी गराउनुहोस् ।[5]
8. तल दिइएका विषयमा छोटो टिप्पणी गर्नुहोस् । [2.5+2.5=5]
   क) मानवीय मूल्य र मान्यता (Human Values)
   ख) सकारात्मक सौंच (Positive Thinking)

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।

9. नेपालको संविधान बमोजिम लोक सेवा आयोगको गठन विधि र आयोगका पदाधिकारीका लागि आवश्यक पर्ने योग्यताबारे उल्लेख गर्नुहोस् । साथै संविधान बमोजिम लोक सेवा आयोगको परामर्श लिनुपर्ने विषयहरू के-के हुन्? लेख्नुहोस । [2.5+2.5+5=10]
10. महालेखा परीक्षकले लेखापरीक्षण गर्दा लिने मुख्य-मुख्य आधारहरू बारे संक्षिप्त जानकारी गराउँदै महालेखा परीक्षकको कार्यालयले गर्ने अन्तिम लेखापरीक्षण कार्यको महत्व लेख्नुहोस् । [5+5=10]

क्रमशः

## खण्ड – (C) 30 अङ्क

तलका प्रश्नको समाधान गर्नुहोस् ।

11. एउटा बेलना (Cylinder) को उचाई र अर्धव्यासको योगफल १०.५ से.मी. तथा तिनीहरूको फरक ३.५ से.मी. भए उक्त बेलनाको बक्रसतहको क्षेत्रफल (TSA) पत्ता लगाउनुहोस् । [5]

12. कुनै धन निश्चित वार्षिक चक्रीय ब्याजदरमा ३ वर्षमा रू. ६६,५५०/- र ४ वर्षमा रू. ७३,२०५/- हुन्छ भने ब्याजदर र मूलधन पत्ता लगाउनुहोस् । [5]

13. एउटा मानिसले रू. २,४०,००० तिरेर एउटा टेम्पो किनेछ । यसलाई प्रयोग गरी २ वर्षमा उसले रू. ४८,६००/- कमाएछ । यदि २ वर्षको अन्त्यमा प्रति वर्ष ८% का दरले मूल्य ह्रास कट्टी गरी यसलाई बेच्दा कति नाफा वा नोक्सान भएछ? [5]

14. एउटा व्यापारीले टि.भिको मूल्य क्रयमूल्य भन्दा ४०% बढी राखेर अंकित गर्छ र ३०% छुट दिंदा उसलाई रू. २३० घाटा हुन्छ भने टि.भि.को I) क्रय मूल्य II) विक्रय मूल्य र III) अंकित मूल्य पत्ता लगाउनुहोस् । [5]

15. युनिशाले आफ्ना साथीहरूलाई जन्मदिनको MO:MO पार्टी आयोजना गरिन् । साथीहरूले आफ्नो खाना चिकेन, बफ र भेज MO:MO मध्ये एक छनौट गर्नुपर्थ्यो । साथीहरूमध्ये १/४ ले चिकेन MO:MO, २० प्रतिशतले बफ MO:MO, र ५५ जनाले भेज MO:MO, छनौट गरे । पार्टीमा कति जना पाहुना थिए? र चिकेन तथा बफ MO:MO खानेहरू क्रमशः कति थिए? [3+1+1=5]

16. एउटा खाली ट्याङ्कीमा २ वटा पानीका पाइपहरू (Pipes) जोडिएका छन् । ती पाइपहरूमध्ये एउटा पाइपले ३६ मिनेटमा त्यस ट्याङ्कीलाई पूरा भरी (Full fill) गर्न सक्छ र अर्को पाइपले त्यस ट्याङ्कीलाई ४५ मिनेटमा पूरा खाली (Full empty) गर्न सक्छ । यदि दुवै पाइपहरूबाट एकैसाथ त्यस ट्याङ्कीमा पानी भर्न (Fill) र खाली (Empty) गर्न शुरू गर्ने हो भने त्यो ट्याङ्कीको पूर्ण क्षमता (Total Capacity) को तीन चौथाई (Three quarters) भाग भरिन कति समय लाग्छ? पत्ता लगाउनुहोस । [5]

● समाप्त ●